# ३. जिल्ला विकास समितिको कार्यालय, इलाम

१. **आर्थिक कारोबार** – यो वर्ष जिम्मेवारी सहित रु.५ करोड ८४ लाख ९९ हजार आय भएकोमा रु.४ करोड ८३ लाख ७६ हजार खर्च भएको छ । विस्तृत विवरण अनुसूची १ मा उल्लेख छ ।

२. **अन्य कार्यालयको खर्च** – जिल्ला विकास समितिले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्लास्थित सरकारी कार्यालयको खर्च व्यहोर्न नपर्नेमा ३ सरकारी कार्यालय र नेपाली सैनिक गुल्मका लागि रु.३ लाख ३९ हजार भुक्तानी दिएको छ ।

३. **प्रशासनिक खर्च** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४५ अनुसार जिल्ला विकास समितिले ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रु.३३ लाख ९३ हजारको २५ प्रतिशतले रु.८ लाख ४८ हजारमात्र प्रशासनिक कार्यमा खर्च गर्नपाउनेमा रु.१९ लाख ४७ हजार (५७.३८ प्रतिशत) खर्च गरी रु.११ लाख १ हजार बढी खर्च गरेको छ ।

४. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) बमोजिम कर बीजक बेगर २ फर्मलाई रु.९ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

५. **कर दस्तुर** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६० बमोजिम स्थानीय निकायले लगाएको कर, दस्तुर, सेवा शुल्क र भाडा बापतको रकम सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था भए तापनि गत विगत देखिनै असुल गर्न बाँकी रहेको ४ पार्टीसँगको रु.८ लाख ८३ हजार असुल गर्नेतर्फ कारबाही गरेको पाइएन ।

६. **पूर्वआन्तरिक लेखापरीक्षण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४९(ख) बमोजिम ५० हजार रुपैयाँभन्दा बढी भुक्तानी गर्दा पूर्वआन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा सो गर्ने गरेको छैन ।

७. **कारोबारको निरीक्षण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १३३(२) बमोजिम जिल्ला विकास समितिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गाउँ विकास समितिको आर्थिक कारोबारको कम्तीमा वर्षको एकपटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउँ विकास समिति, जिल्ला विकास समिति र स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्नेमा निरीक्षण गरेको देखिएन ।

८. **मूल्याङ्कन** – कार्यालयले विभिन्न विद्यालयलाई रु.२ लाख ५८ हजारको ५६ वण्डल जस्तापाता तथा सिंचाई कुलोका लागि रु.१ लाख ७८ हजारको एच.डी.पी.पाइप वितरण गरेकोमा उक्त सामग्री प्रयोग गरी तोकिएको काम सम्पन्न गरेको प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन प्रस्तुत भएको देखिएन ।

९. **डोजर मर्मत** – यो वर्ष डोजर मर्मतमा रु.९१ हजार खर्च गरेको छ । तर डोजर भाडा बापतको आम्दानी देखाएको छैन ।

१०. **भरपाई** – बैठक भत्तामा रु.२० हजार तथा पुल संरक्षक र डोजर हेल्परको पारिश्रमिकमा रु.५ हजार समेत रु.२५ हजार खर्च लेखेकोमा सोको भरपाई पेश भएको छैन ।

११. **अग्रिम आयकर** – आयकर ऐन, २०५८ अनुसार परामर्श सेवाको भुक्तानीमा रु.३ हजार र सामान खरिद भुक्तानीमा रु.२ हजार समेत रु.५ हजार अग्रिम आयकर कट्टा नगरेको रकम असुल गर्नुपर्दछ ।

१२. **थप अनुदान** – जिल्ला सदरमुकामस्थित गौतमबुद्ध सभागृह निर्माणका लागि २०५९।६० मा रु.८ लाख अनुदान दिएकोमा सो निर्माण कार्यमा प्रयोग भएको ९ हजार १७२ के.जी. फलामे रडको मूल्य वृद्धि भएको भनी लागत अनुमान संशोधन नगरी मूल्य वृद्धि भएको सामग्री नापी कितावमा नचढाई रु.१ लाख ३८ हजार उपभोक्ता समितिलाई अनुदान दिएको उचित भएन ।

१३. **अतिथि–गृह मर्मत** – जिल्ला विकास समितिको स्वामित्वमा रहेको चियाबारी अतिथि–गृह भाडामा लिएका ठेकेदारले भाडामा लिएको भवन मर्मत संभार गरेको भनी रकम माग गरेकोमा जिल्ला विकास समितिले रु.२ लाख २६ हजार मूल्याङ्कन गरी निजले तिर्नुपर्ने रकम कटाई रु.१ लाख १९ हजार भुक्तानी गरेको छ । भवन मर्मत सम्झौता र कार्यादेश बेगर मर्मत रकम भुक्तानी गर्नु नियमसम्मत देखिएन ।

१४. **रकम निष्क्रिय** – जिल्ला सूचना तथा अभिलेख केन्द्रमा गत वर्षको मौज्दात रु.२ लाख ६५ हजार, यो वर्ष विकास अनुदानबाट निकासा रु.१ लाख तथा अन्य आय रु.८ हजार गरी जम्मा रु.३ लाख ७३ हजार रहेकोमा यो वर्ष कुनै कार्यक्रम सञ्चालन नगरी रकम निष्क्रिय राखेको छ ।

१५. **रसिद नियन्त्रण** – जिल्ला विकास समितिले सेवा शुल्क, ढुङ्गा गिट्टी, बालुवा बिक्री, मालपोत, भाडा र सिफारिस दस्तुर बापत रु.३४ लाख ९५ हजार आय आर्जन गरेको छ । तर कार्यालयले आम्दानी रसिद नियन्त्रण खाता राखेको छैन । यो वर्ष ४ ठेली नगदी रसिद लेखापरीक्षणमा प्रस्तुत भएन ।

१६. **ठेक्का रकम फिर्ता** – वर्तमान समयमा विभिन्न व्यक्तिले प्रत्यक्ष वा परोक्ष रुपमा दिएको धम्कीले ठेक्का चल्न नसकेको भनी जिल्ला परिषद्को निर्णयबाट २०६०।६१ को ढुङ्गा गिट्टी बालुवा ठेक्काका एक ठेकेदारलाई रु.८४ हजार, २०६०।६१ कै सेवा शुल्क निकासी ठेक्काका एक ठेकेदारलाई रु.८ लाख १४ हजार र २०६१।६२ को स्थानीय सेवा शुल्क असुल गर्ने एक ठेकेदारलाई रु.७ लाख ६ हजार अग्रिम जम्मा गरेको रकम फिर्ता गरेको छ । उक्त रकम जिल्ला परिषद्को निर्णयबाट फिर्ता गर्न मिल्ने कानूनी व्यवस्था भएको पाइएन ।

१७. **पेश्की** – गत वर्षसम्मको रु.३७ लाख ३९ हजारमध्ये  यो वर्ष रु.३६ लाख ३९ हजार जिम्मेवारी सारेकोछ । गत वर्षको पेश्कीमध्ये यो वर्ष रु.२० लाख ५४ हजार फछ्र्यौट भई रु.१५ लाख ८५ हजार बाँकी रहेकोमा यो वर्ष रु.७ लाख १४ हजार थप हुँदा आर्थिक वर्षको अन्तमा रु.२२ लाख ९९ हजार पेश्की बाँकी रहेको छ ।

१८. **धरौटी फिर्ता** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ८२(ख) बमोजिम ठेकेदारलाई धरौटी फिर्ता गर्दा सम्झौताका शर्त पूरा भएपछि आय विवरण पेश गरेको वा तिरेको र मूल्य अभिवृद्धि करको हिसाब समायोजन गरेको प्रमाण यकिन गरी धरौटी फिर्ता गर्नुपर्नेमा २ फर्मलाई मूल्य अभिवृद्धि कर समायोजन गरेको र आयकर दाखिला प्रमाण बेगर रु.९४ हजार धरौटी फिर्ता गरेको छ ।

१९. **धरौटी** – आर्थिक वर्षको अन्तमा रु.२० लाख ४१ हजार धरौटी बाँकी रहेको छ ।

२०. **बेरुजू** – बेरुजू वर्गीकरण अनुसूची २ मा छ ।

२१. **स्थानीय विकास कोष**

२१.१. **आर्थिक कारोबार** – गत वर्षको जिम्मेवारी समेत रु.६० लाख ८८ हजार आय भएकोमा रु.३१ लाख ७ हजार खर्च भएको छ । विस्तृत विवरण अनुसूची ५ मा उल्लेख छ ।

२१.२. **समपूरक कोष** – गाउँ विकास कार्यक्रम लागू भएका १० गाउँ विकास समितिबाट समपूरक कोष बापत रु.२ लाख ५० हजार प्राप्त गरेको छैन ।

२१.३. **पेश्की** – आर्थिक वर्षको अन्तमा रु.१ लाख १ हजार पेश्की बाँकी रहेको छ ।

२१.४. **बेरुजू** – बेरुजू वर्गीकरण अनुसूची ६ मा छ ।